

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २१ गते आइतबार ❑ 4 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा कानुनमन्त्रीद्वारा थप समय माग

**रासस**

काठमाडौं, २० फागुन

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन थप समय माग गर्नुभएको छ ।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानव अधिकार समितिको आजको बैठकमा मन्त्री गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन तयारी गरेको भए पनि अझै छलफल गर्न आवश्यक भएको बताउँदै समय माग गर्नुभएको हो ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी विधेयकलाई समितिबाट पारित गर्न केही विषयमा थप स्पष्ट हुनुपर्ने भन्दै मन्त्री गुरुङले समय माग गर्नुभएको हो । मन्त्री



गुरुङले भन्नुभयो, "पीडितको सहमति नभए अभियोजनमा जाने र अभियोजन गर्दा सजाय कति हुने ? यस्ता केही विषयमा सल्लाह गर्न बाँकी छ ।" कानुनमन्त्री गुरुङले विधेयकमा धेरै विषयमा सहमति भइसकेको भए पनि केही कुरा स्पष्ट हुन जरुरी रहेको बताउनुभयो ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सङ्क्रमणकालीन न्यायलाई पीडितले न्याय पाउने गरी आपसमा सहमति गरेर अन्तरराष्ट्रिय मापदण्डअनुसार विधेयक बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सङ्क्रमणकालीन न्याय अन्तरराष्ट्रिय मापदण्डअनुसार हुनुपर्छ ।" नेपाल कम्युनिष्ट पार्टी (एमाले) सचेतक महेश बर्तौलाले सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा पीडितले न्याय पाउने कुराको सुनिश्चित हुनुपर्ने बताउनुभयो । "सङ्क्रमणकालीन न्यायमा पीडितले न्याय पाउनुपर्छ, द्वन्द्वकालीन कुनै पनि घटनामा नियमित कानुनी व्यवस्थाअनुसार सजाय कम हुनुपर्छ," सांसद बर्तौलाले भन्नुभयो । बैठकमा समितिका सदस्यहरू सुशील शर्मा, रञ्जुकुमारी झा, नैनकला थापा, नागिना यादव, सोविता गौतम, सन्तोष परियारले सङ्क्रमणकालीन न्यायलाई जतिसक्दो चाँडो टुङ्ग्याएर पीडितलाई न्याय दिनुपर्ने बताउनुभयो । बैठकपछि समितिका सभापति विमला सुवेदीले समितिको आगामी बैठकमा विधेयकका बारेमा उठेका विषयहरू समेटेर तयार पारिएको एकीकृत मस्यौदा पेस गर्ने र पारित गर्ने बताउनुभयो ।

## 'विकासका लागि साझा एजेण्डा आवश्यक'

**पोखरापत्र संवाददाता**

पर्वत, २० फागुन

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रिय अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विकासका लागि साझा एजेण्डा बनाउनुपर्ने बताउनुभएको छ ।

पर्वत उद्योग वाणिज्य सङ्घको ४१औं वार्षिक साधारणसभा तथा १८औं अधिवेशनको आइतबार कुश्मामा उद्घाटन गर्दै उहाँले विकासका साझा एजेण्डा नभएसम्म मुलुकले आर्थिक समृद्धि हासिल गर्न नसक्ने बताउनुभयो ।

अध्यक्ष ढकालले आर्थिक हिसाबले मुलुक अस्तव्यस्त बनेको बेला सबै दलहरुले विकासका साझा एजेण्डा तयार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले उद्योग, कलकारखाना खोल्ने कुरालाई राज्यले पहिलो प्राथमिकतामा



राख्नुपर्ने बताउँदै औद्योगिक क्षेत्रको विकाससँगै ऊर्जा, जलस्रोत, पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने बताउनुभयो । वाणिज्य महासङ्घका अध्यक्ष ढकालले कोभिड-१९, रसिया-युक्रेन युद्धका साथै सरकारको आर्थिक नीतिका कारण अर्थतन्त्र धरासायी बनेको भन्दै अब भने सुधार हुँदै जाने बताउनुभयो । "जति बिग्रिने हो त्यति बिग्रिसकेको छ । अब अर्थतन्त्र चलायमान हुँदै गएकाले यो क्षेत्र सुधार हुन्छ", उहाँले भन्नुभयो । अध्यक्ष ढकालले उद्योग वाणिज्य महासङ्घको निरन्तरको दबाबपछि राष्ट्र बैंकले ब्याजदर घटाएको स्मरण गराउँदै निजी क्षेत्रको विकास र व्यावसायीको हितका लागि महासङ्घले काम गर्दै आएको बताउनुभयो । पर्वतको विकासको लागि लगानीमैत्री वातावरण बनाउने सङ्कल्प गर्नुपर्ने उहाँको भनाइ छ । अध्यक्ष ढकालले तीन तहका सरकारका बीच समन्वय नहुँदा लगानीकर्ता र व्यवसायीले उल्झन व्यहोर्नुपरेको उल्लेख गर्दै उपयुक्त समय भएमा एक वर्षमै लगानीको क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने विचार व्यक्त गर्नुभयो । पर्यटनको हिसाबले पर्वत उत्कृष्ट जिल्ला बन्दै गएको उहाँले बताउनुभयो ।

अध्यक्ष ढकालले पर्वत पर्यटन, जलविद्युत् र धार्मिक क्षेत्रमा अथाह सम्भावना बोकेको जिल्ला भएको उल्लेख गर्दै यस क्षेत्रमा लगानी बढाउन सकेमा रोजगार सिर्जना हुनुका साथै जिल्लाको समृद्धिमा टेवा पुग्ने बताउनुभयो । उहाँले पर्वतको विकासका लागि गुरुयोजना तयार गर्न आग्रह गर्दै आफूले साझेदारी गर्न तयार रहेको बताउनुभयो । सङ्घको १८औं अधिवेशनले नयाँ नेतृत्व समेत निर्वाचित गर्नेछ ।

## घरबाससँगै प्रकृति र संस्कृतिलाई पर्यटनसँग जोड्न पसगाउँ महोत्सव

**पोखरापत्र संवाददाता**

पोखरा, २० फागुन

प्राकृतिक सौन्दर्यसँगै गुरुङ संस्कार र संस्कृतिले सम्पन्न लमजुङ जिल्लाको क्व्होलासौंथर गाउँपालिका-६ स्थित पसगाउँमा १४औं पसगाउँ महोत्सव आज सम्पन्न भएको छ ।

पसगाउँ सामुदायिक घरबास (होमस्टे) व्यवस्थापन समितिको आयोजना एवं क्व्होलासौंथर गाउँपालिकाको कार्यालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, गण्डकी प्रज्ञा-प्रतिष्ठान, क्व्होलासौंथर गाउँपालिका-६, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना भुजुङको प्रवर्द्धनमा आयोजित दुईदिने महोत्सवको शनिबार गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले उद्घाटन गर्नुभयो। अन्नपूर्ण हिमशृखलाअन्तर्गत लमजुङ हिमालको काखमा समुद्री सतहबाट एक हजार ६ सय ५० मिटरको उचाइमा रहेको रमणीय गाउँको पर्यटकीय विकासलाई लक्षित गरी २०६१ सालदेखि सञ्चालित पसगाउँ सामुदायिक होमस्टेको प्रवर्द्धनको लक्ष्य राख्दै महोत्सव आयोजना गरिएको हो ।

गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले हाम्रा मनोरम प्राकृतिक सम्पदाका साथै प्राचीन मौलिक संस्कृतिलाई पर्यटनसँग जोड्नका लागि गाउँ पर्यटनको विकास आवश्यक भएको बताउनुभयो । गण्डकी प्रदेशमा तत्कालीन आफू नेतृत्वको सरकारले गाउँ पर्यटनलाई जोड दिँदै गण्डकी प्रदेशमा तीन सयवटा घरबास सञ्चालनमा जोड दिएको उहाँले बताउनुभयो । अर्थतन्त्रलाई गतिशील बनाउन यस किसिमका मेला महोत्सवको विशिष्ट भूमिका हुने उहाँले बताउनुभयो । संविधानसभा सदस्य जमिन्द्रमान घलेले प्रकृति र संस्कृतिमा पसगाउँ सम्पन्न रहेको बताउँदै यसको प्रवर्द्धन र विकास आवश्यक हुने उल्लेख गर्नुभयो । लोप हुँदै गएका प्राचीन संस्कृतिको जगेर्ना गर्दै पर्यटनसँग जोड्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

क्व्होलासौंथर गाउँपालिकाका अध्यक्ष एवं पसगाउँ सामुदायिक होमस्टेका अध्यक्ष सूर्य गुरुङले होमस्टेलाई पर्यटनसँग जोड्न महोत्सव आयोजना गरिएको बताउनुभयो । प्राकृतिक सौन्दर्य र मौलिक संस्कृतिलाई जगेर्ना गरी स्थानीय उत्पादनमा जोड दिनु आफूहरूको उद्देश्य भएको उहाँले बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय प्रमुख नवीन पोखे्रलले मौलिक संस्कृतिको जगेर्ना गर्नु आवश्यक रहेको बताउँदै पहिचानलाई जोगाउँदै त्यसलाई पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो । वरिष्ठ पर्यटन व्यवसायी एवं नेपाल उद्योग तथा व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष बोबरजङ्ग गुरुङले होमस्टेलाई उत्पादनसँग जोड्दै रोजगारी सृजना गर्न सकिने धारणा राख्नुभयो ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, क्व्होलासौंथर गाउँपालिका-५ का वडाअध्यक्ष गीतबहादुर गुरुङ, पसगाउँ सामुदायिक होमस्टेका उपाध्यक्ष पदमबहादुर गुरुङ, एक्याप भुजुङका प्रमुख आनन्द सुवेदी, गङ्गाराम गुरुङलगायतले पसगाउँको पर्यटकीय महत्वलाई उजागर गर्न महोत्सव फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

## भरतपुर र पोखराको पर्यटन प्रवर्द्धनमा दुबै तर्फ सहकार्य हुने

**पोखरापत्र संवाददाता**

पोखरा, २० फागुन

भरतपुर महानगरपालिका र पोखरा महानगरपालिकाको पर्यटन प्रबर्द्धनमा दुबै तर्फ सहकार्य हुने भएको छ । भरतपुर महानगरपालिका मेयर रेणु दाहाल र पोखराका पर्यटन व्यवसायीहरु बिचको हालै भएको भेटघाट कार्यक्रममा दुबै शहरको पर्यटन प्रर्बद्धन गर्ने सहकार्य हुने बिषयमा छलफल भएको हो ।

मेयर दाहालले आफुहरुले हालै भरतपुर भ्रमण बर्ष घोषणा गरी अघि बढेकोले यस बर्ष सहयोग गर्न आग्रह गर्दै आउदो बर्षमा पोखराको पर्यटन प्रबर्द्धन गर्न सहयोग गर्ने बताउनु भयो । मेयर दाहालले भरतपुर भ्रमण वर्ष सन् २०२४ लाई सफल पार्न पोखराका पर्यटन व्यावसायीसंग आग्रह गर्दै अर्को बर्ष पोखरालाई सहयोग गर्ने वचन दिनु भयो ।

उहाँले भन्नु भयो "तपाईहरुले जे अपेक्षा गर्नु भएको छ त्यो भरतपुर महानगरले पूरा गर्ने छ तर यस बर्ष हाम्रो लक्ष्य पुरा गर्ने अभियानमा तपाई पोखराका पर्यटन व्यवसायीहरुले पनि हामीलाई अहिलेको अबस्थामा सहयोग गर्नु पर्‍यो ।"

पोखरामा नेपाली नयाँ बर्षको अवसरमा हुने फेवा नयाँ बर्ष महोत्सवलाई सफल पार्न पनि आफुहरुको टिम पोखरामा आउने मेयर दाहालको भनाई थियो । होटल संघ पोखरा नेपालको आयोजनामा चैतको अन्तिम साता देखि पोखरामा फेवा नयाँ बर्ष महोत्सव हुने तयारी गरिएको छ । पोखराको पहिचान





झल्कने गरी चरतपुरमा धेरै अघि देखि पोखरा बस पार्क रहेको उल्लेख गर्दै मेयर दाहालले भरतपुरको पहिचान झल्कने पोखरामा कुनै काम गर्न भरतपुर महानगरपालिका तयार रहेको जनाउनु भयो । पर्यटकीय महत्वका तीन सहर पोखरा, भरतपुर र लुम्बिनीलाई गोल्डन ट्र्यांगलका रूपमा विकास गर्नुपर्नेमा उहाँको जोड थियो । एक ठाँउमा आएका स्वदेशी तथा विदेशी पर्यटकहरुलाई अर्को ठाँउसम्म जाने र केही सहुलियतका प्याकेजका कार्यक्रम दिन सके यस क्षेत्रमा पर्यटक केन्द्रित गर्न सकिने मेयर दाहालको भनाई थियो । २०७४ सालमा निर्वाचित भए लगतै गण्डकी, बागमती र लुम्बिनी प्रदेशका यी तीन सहरलाई गोल्डन ट्र्यांगलरूपमा विकास गर्ने भनेर एक चरणका छलफल अघि बढेको स्मरण गर्दै मेयर दाहालले त्यसलाई सार्थक बनाउन जरुरी रहेको भनाई राख्नु भयो । सन् २०२४ भर भरतपुरमा २ लाख बाह्य पर्यटकसहित कुल ७ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको मेयर दाहालले जनाउनु भयो । पोखरामा धेरै भन्दा धेरै पर्यटक भित्राउन भरतपुर महानगरसंग र त्यहाँका पर्यटन व्यवसायीहरुसंग समेत सहकार्य गर्न आफुहरु तयार रहेको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । नेपालको प्रमुख पर्यटकीय सहर पोखरालाई अब छिट्टै पर्यटकीय राजधानि घोषणाको तयारी भएको उहाँले दाबी गर्नु भयो ।

पोखरा मुग्लिङ सडक खण्ड स्तरोन्नतिपछि दुवै महानगर भरतपुर र पोखराको पर्यटन विकासमा सघाउ पुग्ने अध्यक्ष श्रेष्ठले विश्वास व्यक्त गर्नु भयो । श्रेष्ठ नेतृत्वमा होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा पर्यटन परिषद् महासचिव सञ्जयकान्त सिग्देल, पर्यटन व्यवसायी, पत्रकारको टिम सहभागि भएको थियो । घुमौं भरतपुर भन्ने नाराका साथ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहित पूर्व प्रधानमन्त्रीहरू केपी शर्मा ओली, माधवकुमार नेपाल, झलनाथ खनाल, पूर्व मन्त्री परिषद् अध्यक्ष खिलराज रेग्मी लगायत शीर्षस्थ नेता एवं व्यक्तिहरुको उपस्थितिमा शुक्रबार निकै तामझामका साथ नारायणी किनारमा भरतपुर भ्रमण वर्षको भव्य उद्धाटन भएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# भद्रकाली बहुमुखी क्याम्पसमा नवप्रवेशीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

स्वागतलाई निरन्तरता । विद्यार्थीको हौसला। सवै विद्यार्थी विहानैदेखि थरिथरिका पोशाकमा सजिएका । आँफैले पढाएका विद्यार्थी चिन्न मुस्किल बन्यो शिक्षकलाई । जति रमणीय वातवरण बन्दै गएको थियो ।

चम्किलो मन्द सुर्यको किरणसँग शरीर सेकाउँदै । उता कार्यक्रमको मञ्च सजिएको थियो दक्षिण फर्किएको अगाडि लामबद्ध प्राध्यापक विचमा भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देल प्रमुख अतिथिको रुपमा। आडैमा थिइन विद्यार्थी कल्याणकारी क्लवकी उपाध्यक्ष ज्योति गुरुङ सभापतिको कुर्चिमा । प्रमुख अतिथि, सभापति र उपस्थित सबैलाइ बोलाउनु भयो संचालक द्धय शशिकला गुरुङ र लीला गुरुङले ।

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा स्नातक प्रथम वर्ष २०८० मा भर्ना हुनभएका नवप्रवेशी विद्यार्थीहरुलाई शुक्रवार क्याम्पस परिषदमा स्वागत गरियो । माथिको सवै



दृश्यलाई स्वागत कार्यक्रममा प्रस्तुत गरिएको हो । विद्यार्थी कल्याणकारी क्लव र भद्रकाली बहुमुखी क्याम्पसको आयोजनामा स्वागत कार्यक्रम गरिएको हो । सुर्यलाई वादलले ढाकेपछि घरी घरी चिसिएको शरीरसँगै विद्यार्थी गीत र नृत्यमा तातिए भने शिक्षक लगायत विद्यालयका कर्मचारी तीनै गीत र नृत्यको दृश्यले तताय चिसिएका मन । शिरमा चन्द्रमा उस्तै, बल्वाज रगं पनि त्यस्तै, फरकपनि उस्तै, दुई विद्यार्थीको शारिरिक बनोट पनि ठ्याक्कै मिल्ने, पाउको पाउजु पनि त्यस्तै । सबै जुम्लिया हुनकी जस्तै । जुम्लिया पनि होइनन् । किन बढ्दैछ यो धुकधुकी मुटुको बोलको गीतमा बिबिएस तेस्रो वर्षका विद्यार्थीहरुले स्वागत गीत प्रस्तुत गर्नुभएको हो । गीत पछि स्वर्ण मुखबाट मिठो वाणी पस्कदै बिबिएस दोस्रो वर्षमा अध्ययनरत सपना गुरुङ र प्रथम वर्षमा अध्ययनरत बहुप्रतिभाले भरीपुर्ण अस्मिता बराल, रेजिना शाही, प्रतिमा गुरुङ र अमृता गुरुङले पनि आफ्नो भावना पस्कनु भयो । कार्यक्रममा विद्यार्थीहरु सुदिप विश्वकर्मा, निशा देवकोटा र सुजित गुरुङले प्रस्तुत गर्नुभएको प्रतिभाले सवैलाइ मन्त्रमुग्ध पारेको थियो ।

भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष सिग्देलले स्वागत कार्यक्रमको उद्घाटन गर्दै ज्ञान जीवनमा सवै भन्दा महत्वपुर्ण विषय भएकोले सवै भाइवहिनीहरुलाइ ध्यान दिएर अध्ययन गर्न अनुरोध गर्नु भयो । भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नवराज रेग्मीले जीवन भनेको प्रश्न हो भन्दै हरेक प्रश्नको उत्तर दिन सक्ने बन्दै जानुपर्ने धारणा राख्नु भयो। शिक्षकको गालिलाई तितो औषधी सम्झेर निल्नु पर्ने भन्दै निले पछि रोग सन्चो हुन्छ भने ज्ञानले जीवनमा सकारात्मक उर्जा थप्ने प्रमुख रेग्मीले भन्नु भयो ।

भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस सहायक क्याम्पस प्रमुख नारायण प्रसाद सापकोटाले विद्यार्थीका हरेक कमजोर पक्षलाइ हटाउँदै राम्रो पक्षलाइ साथ लिएर अगाडि बढ्ने धारणा राख्नु भयो । क्याम्पसले विद्यार्थीको प्रतिभा प्रष्फुटनको लागि अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रम गर्दै आएको सापकोटाले जानकारी दिनुभयो ।

भद्रकाली माविका प्रधानाध्यापक यदुराज पगेनीले संसारमा कोही पनि पुर्ण नहुने हुँदा जीवनमा सदैव हरेक विषय सिक्दै जाने विचार राख्नु भयो ।

। भद्रकाली बहुमुखी क्याम्पस प्रध्यापक संघ इकाई समितिका सभापति बुद्धिसागर सापकोटाले विद्यार्थीले पढाइ सँगै क्याम्पसमा हुन हरेक कार्यक्रममा सहभागी हुनु पर्नेमा जोड दिनुभयो ।

# जिसस कास्कीद्वारा १ र ३ क्षेत्रको योजना अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

जिल्ला समन्वय समिति कास्कीको टोलिले निर्बाचन क्षेत्र न ३ को योजनाको आइतबार अनुगमन सम्पन्न गरेको छ । प्रमुख लिलाधर पौडेलको नेतृत्वमा जिल्ला समन्वय अधिकारी नवराज बराल सहित सदस्य र कर्मचारी प्राबिधिक कर्मचारी सम्मीलित टोलिले अनुगमन गरेको हो ।

कास्की निर्वाचन क्षेत्र न ३ को पोखरा महानगर पालिका वडा न २३ मा नेपाल सरकार शहरी बिकास मन्त्रालय एकीकृत पूर्बाधार बिकास कार्यक्रम अन्तर १२ करोड ४६ लाखको लागतमा निर्माणाधीन कोल्ड स्टोर, प्रदशनि हल र सामुदायिक भवन सहितको आयोजनाको अनुगमन गरिएको हो । जय नेपाल इश्वर



निर्माण सेवा प्रा लि द्वारा निर्माण सुचारु उक्त आयोजनाको कार्य संतोषजनक पाइएको जि स स प्रमुख लिलाधर पौडेलले उल्लेख गर्नुभयो। पौडेलले गुणस्तर र निर्माण अबधिको उचित खयाल गर्दै आयोजनाको काम अगाडि बढाउन आग्रह गर्नुभयो । २०८१ कार्तिक महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त आयोजनाको तीस प्रतिशत बित्तीय र ४० प्रतिशत भौतिक प्रगती देखिएको संघीय आयोजना कार्यान्वयन इकाइ पोखराका प्रमुख सुरज पौडेलले जानकारी दिनुभयो ।

त्यसैगरि कास्की निर्बाचन क्षेत्र न एक पोखरा महानगर पालिका वडा न १२ स्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा संचालित रेट्रोफिटिङ आयोजनाको आइतबार नै अनुगमन गरिएको जिल्ला समन्वय समिति कास्कीले जनाएको छ।

# पोखरा प्रदर्शनी केन्द्रमा श्रीमद्भागवत ज्ञान महायज्ञ हुने

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

पोखरा प्रदर्शनी केन्द्रमा श्रीमद्भागवत ज्ञान महायज्ञ हुने भएको छ।

नेपाल पत्रकार महासंघ कास्कीको सभाहलमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बैशाख १ गतेदेखि १० गतेसम्म श्रीमद्भागवत महायज्ञ हुने आयोजक संस्था श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ मूल समारोह समितिले जनाएको छ।

महायज्ञमा पीठाधीष हरिहर सन्यास आश्रम देवघाटधामका प्रमुख वाचक अनन्त श्री विभूषित ज्ञानान्द सरस्वती महाराज रहने संयोजक लक्ष्मण पौडेलले बताए। उनका अनुसार महायज्ञमा देशभरिका सन्त महन्त पीठाधीषहरुको उपस्थिति हुनेछ।



सप्ताह ज्ञान महायज्ञबाट बचत हुने रकम वैदीक गुरुकुलहरुको संचालनमा सहयोग गर्ने उनले बताए।

मुलुक धर्म, संस्कार र संस्कृतिप्रति गम्भिर रहँदै आफुहरुले उक्त महायज्ञ कार्यक्रम तय गरेको उनले बताए । धर्मसंस्कृति माथि अतिक्रमण प्रति सजग रहँदै धार्मिक तथा सामाजिक जगतलाई सदभाव र एकताको सन्देश प्रवाह गर्न महायज्ञ आयोजना गरिएको हो।

अन्योलबाट गुज्रिदै गरेको विषम् परिस्थितिमा अनेकौ वाद दर्शन र विचारहरुले दिग्भ्रमित पारिरहेको अवस्थामा यस्ता महायज्ञ कार्यक्रमले संरक्षण गर्ने भनाई उनको छ। महायज्ञमा योगाभ्यास, भागवत् पाठ पारायण, कथा प्रवचन, आरती पुष्पाञ्जली, प्रसाद ग्रहण, कर्ता भोजन, भजन कितर्न लगायतका कार्यक्रम गरिनेछ।

# जिल्ला खेलकुदहरुसंग अर्धवार्षिक समिक्षा एवं अन्तक्रिया सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

प्रदेश खेलकुद परिषद गण्डकीले जिल्ला खेलकुद बिकास समितिहरु संग अर्धवार्षिक समिक्षा एवं अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

तनहुँमा सञ्चालित तीन दिने अर्धवार्षिक समिक्षामा आर्थिक वर्ष ०८१/०८१ मा प्रदेशका ११ वटै जिल्लामा सम्पन्न भएका विभिन्न गतिविधिहरुकाका बारेमा गम्भिर छलफल गरिएको प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब श्रीधर शर्माले जानकारी दिएका हुन् । कार्यक्रममा जिल्लाका अध्यक्ष, पदाधिकारी एवं कार्यालय प्रमुखहरुको उपस्थितीमा सम्पन्न समिक्षा कार्यक्रममा जिल्लामा भए गरेका खेलकुद गतिविधि, कार्यालय सञ्चालन एवं आगामी वर्षका योजनाहरुका बारेमा समेत छलफल गरिएको सदस्य सचिव शर्माले बताए । नवलपुरमा हालै सम्पन्न १४ औं




गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको समिक्षा, चैत्र २ गतेबाट सुरु हुने बाग्मती प्रदेशस्तरीय प्रतियोगिता र दशौं राष्ट्रिय खेलकुद प्रतियोगितको तयारी र खेलाडी छनौटका बारेमा समेत् छलफल गरिएको परिषदले जनाएको छ । त्यसै गरी जिल्ला खेलकुद विकास समितिहरुले आ-आफ्नो प्रतिबेदन प्रस्तुतीमा जिल्ला खेलकुद संघहरुको गठन, रेफ्रि, प्रशिक्षक, निर्णायकहरुको सुचिकृत विवरण पेश गरेको विषयमा सदस्य सचिव शर्मा सदस्य सचिव शर्माले सबै जिल्ला खेल संघहरुलाई ७ दिन भित्र नविकरण गरिसक्न जिल्ला खेलकुद विकास समितिहरुलाई निर्देशन दिएका छन् ।

जिल्ला खेलकुदहरु बाट दिइने सेवा प्रवाहलाई चुस्त बनाउन निर्देशन दिदै सदस्य सचिव शर्माले जवाफदेहिता र क्षमता बढाउन आग्रह गर्दै खेलकुद क्षेत्रलाई मर्यादित बनाउन सबैको उत्तिकै दायित्व रहेको उल्लेख गरे । खेलकुद विगतमा जस्तो कर्मकाण्डी समय विताउने थलोको रुपमा मात्र हेर्न नहुने भन्दै आ-आफ्नो तोकिएको जिम्मेवारीलाई पुरा गर्न उनले निर्देशन समेत् दिए ।

सो अवसरमा प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य ऋषीराम गौतम, कार्यालय प्रमुख तोपलाल भुसाल र लेखा प्रमुख निलकण्ठ ढकालले समेत छुट्टा छुट्टै विषयमा आ-आफ्ना भनाईहरु राखेका थिए ।


# पोखरामा तीन विधामा बास्केटबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

पोखरामा ३ विधामा बास्केटवल प्रतियोगिता हुने भएको छ । पोखरा ३ मा रहेको पुन एकता क्लबको आयोजनामा यही फागुन २२ देखि २६ गतेसम्म तीन विधामा बास्केटवल प्रतियोगिता हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

बास्केटवल प्रतियोगिता अर्न्तगत पुरुष, महिला र पुरुष भेट्रान्स गरी ३ विधामा सञ्चालन हुने क्लबका अध्यक्ष सुदिप पुर्जाले बताउनु भयो । पुरुष तर्फ करिब ५, महिला तर्फ ७ र भेट्रान्स तर्फ भने ९ टिमको सहभागिता हुने अपेक्षा गरिएको उहाँले जनाउनु भयो । पुरुष बास्केटवल खेलमा राष्ट्रिय स्तरका २ जना खेलाडीहरु मात्र समावेस गर्न पाइने भएको छ । प्रतियोगिताका लागि सोमबारसम्म टिम दर्ताको समय तोकिएको खेल संयोजक निशाल थकालीले बताउनु भयो ।

पुरुष तर्फको प्रतियोगिताको विजेतालाई १ लाख र दोश्रो हुने टिमले ५० हजार रुपैयाँ नगदसहित ट्रफि, मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएको छ । यस विधामा दर्ता शुल्क ७ हजार ५ सय रुपैयाँ राखिएको छ । भेट्रान्सतर्फ प्रथम हुने टिमले ३५ हजार र दोश्रो हुनेले १७ हजार ५ सय नगदसहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्ने संयोजक गर्बुजाले बताउनु भयो । महिलातर्फ विजेताले २० हजार र उपविजेताले १० हजार रुपैयाँसहित ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले यस्ता खेलकुद गतिविधिले समाजमा खेलकुदको क्रेज बढ्ने दाबी गर्नु भयो । तीन विधामा हुने उक्त खेलले बास्केटवल खेलको विकास हुने कर्पाकेली समाजका अध्यक्ष रणसिंह गर्बुजाले जनाउनु भयो । क्लवले यस अघि विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# टेरामक्सले तान्दै ठूला माछा

संचार मन्त्रालयको सचिव रहँदा टेरामक्स प्रविधि खरिदमा अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव वैकुण्ठप्रसाद अर्यालविरुद्ध मुद्दा दायरको तयारी गरेको छ । अख्तियारले अनुसन्धान मात्रै सकाएको छैन, अभियोजनको फाइल समेत तयारी अवस्थामा राखेको छ। भ्रष्टाचारको मुद्दा दायर गर्नुभन्दा पहिले राजीनामा दिलाउन दबाब बढाएको छ। निजामती कर्मचारीको सर्वोच्च पदमा रहेका बहालवाला व्यक्तिमाथि मुद्दा दायर गर्दा कर्मचारी संयन्त्रमा गलत सन्देश नजाओस् भन्न राजीनामा चाहेको थियो । अख्तियारले टेरामक्सबारे मुद्दा दायर हुन लागेको बारे जानकारी दिइसकेको छ । अख्तियारको ब्रिफिङ लगत्तै प्रधानमन्त्री पुष्पकमल दाहालले पनि मुख्यसचिव अर्याललाई राजीनामा दिन सुझाव दिएको समाचार आएका छन्। प्रधानमन्त्रीको सुझाव नमानेको हो भने गलत हो ।

मुख्यसचिव अर्यालले राजीनामा दिएमा मार्ग प्रशस्त हुने र मन्त्री देखि ठूला पदमा रहनेलाई छोडिदैन भन्ने सन्देशको पर्खाइमा अख्तियार बसेको छ । मुख्यसचिव अर्यालले राजीनामा नदिँदै मुद्दा लगेमा मुख्यसचिवको पद पनि लामो समयसम्म रिक्त रहने र अर्को नियुक्ति गर्न पनि कठिन हुने भएकाले उनले राजीनामा दिएमा कर्मचारी संयन्त्रमा पनि राम्रो सन्देश जाने भएकाले अख्तियार मुख्यसचिव अर्यालको राजीनामा कुरेर बसेको छ। अख्तियारले यसअघि नै सेक्युरिटी प्रिन्टिङ खरिद प्रकरणमा जोडिएका अभियुक्त विकल पौडेलसँग भएको आर्थिक लेनदेनको प्रमाण सञ्चारमाध्यमलाई दिएको थियो। सेक्युरिटी प्रिन्टिङ खरिद प्रकरणमा ६९ करोड ८ लाख भ्रष्टाचारको अभियोग लागेका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसँग तत्कालीन समयमा सञ्चार सचिव रहेका अर्यालको आर्थिक कारोबारको प्रमाणसमेत अख्तियारले फेला पारेको थियो । दुईपटक गरी पौडेलले अर्यालका लागि १४ लाख रुपैयाँ दिएको प्रमाण अख्तियारले प्राप्त गरेको थियो । अर्यालले उनका मान्छेलाई पैसा दिन भनी उनैले पठाइदिएको बैंक खातामा रकम जम्मा गरेको पाइएको थियो। अख्तियारले सोही प्रमाण मिडियामा दिएर मुख्यसचिव अर्याललाई गलाउने रणनीति लिएको थियो।

मुख्यसचिव अर्याल र विकल पौडेलबिच भएको आर्थिक कारोबारका विषयमा मुख्यसचिव अर्यालले पनि चित्तबुझ्दो जवाफ दिन सकेका थिएनन् । उनले भनेको व्यक्तिको बैंक खातामा किन र के कति कारणबाट १४ लाख रुपैयाँ डिपोजिट भएको हो भन्ने कुरा पनि उनले खुलाउन सकेनन्। भ्रष्टाचारका आरोपितसँग संदिग्ध कारोबार देखिए पनि सेक्युरिटी प्रिन्टिङ खरिदसम्बन्धी मुद्दा गइसकेको र टेरामक्स प्रविधि खरिदमा अनुसन्धान हुँदै गर्दा अहिले १४ लाखको हिसाब कसरी देखाउने भन्ने विषय पनि जटिल बन्दै गएको छ। यद्यपि अख्तियारको योजना विकल पौडेलसँग भएको संदिग्ध कारोबारलाई देखाएर मुख्यसचिव अर्याललाई गलाउने र राजीनामा गराउने, नदिए विपक्षी बनाई भ्रष्टाचारको मुद्दा दायर गर्ने तयारी गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद गर्दा ५० करोडभन्दा बढी रकमको अनियमितता भएको आरोप लागेको छ। कल बाइपास रोक्न तथा राजश्व चुहावट नियन्त्रण गर्न टेरामक्स प्रविधि आवश्यक रहेको भन्दै करिब ३ अर्ब रुपैयाँमा उक्त प्रविधि खरिद गरेको थियो। २०७४ असोज २० गते अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेकामा २०७५ पुस ३ गते प्राधिकरणले भेनराइज सोलुसनलाई छनोट गरेको थियो। तर त्यसलगत्तै मिलेमतोमा ठेक्का दिइएको भन्दै उजुरी परेपछि अख्तियारले ठेक्का प्रक्रिया रद्द गर्न पत्रसमेत पठाएको थियो। तर ठेक्का पाएको कम्पनी सर्वोच्च अदालत गई ठेक्का रद्द नगर्न आदेश ल्याएपछि ठेक्का अगाडि बढेको थियो । धेरै चर्चा र अनुसन्धान भएको टेरामक्स बारेको मुद्दा अख्तियारको पनि प्रतिष्ठानको विषय हो ।

# दक्षिण एसियाली मुलुकभन्दा नेपालमा बहिरोपनको समस्या धेरै

**रासस**
चितवन, २० फागुन

दक्षिण एसियाली मुलुकभन्दा नेपाल सबैभन्दा बढी बहिरोपन (कान सुन्ने क्षमता कम)को समस्यामा रहेको पाइएको छ । विश्व श्रवण दिवसको अवसरमा आइतबार यहाँ सोसाइटी अफ ओटोलारिङ्गोलोजिस्ट्स् अफ नेपाल (सोल नेपाल) ले आयोजना गरेको कार्यक्रममा वीर अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा डा दीपेन्द्र श्रेष्ठले दक्षिण एसियाली मुलुकमा सबैभन्दा बढी नेपालमा बहिरोपनको समस्या रहेको बताउनुभयो।

"नेपाल दक्षिण एसियामै सबैभन्दा बढी बहिरोपन समस्या भएको देश हो", उहाँले भन्नुभयो, "भुटान र अफगानिस्तान भन्दा पनि हामीमा बहिरोपनको समस्या धेरै छ।" डा श्रेष्ठका अनुसार नेपालमा करिब १५.५ प्रतिशत मानिसमा बहिरोपनको समस्या छ । पैँतिस डेसिवल भन्दा कम सुन्ने मानिसलाई बहिरोपन भएको भनिन्छ। नेपालमा हुने अपाङ्गतामध्ये सबैभन्दा बढी बहिरोपनका रहेका उहाँको भनाइ छ । विश्वमा करिब ४६ करोड मानिस बहिरोपनको समस्यामा छन् ।

**बहिरोपन हुनुका कारण**

गर्भमा रहेको बेला आमालाई कुनै कडा खालको रोग लाग्नु, जन्मदा कम तौलको बच्चा जन्मनु वा जन्मदा नरुने बच्चामा बहिरोपनको समस्या देखा पर्ने चिकित्सक बताउँछन् । समय नपुगेर जन्मिएका बच्चामा, जन्मिदा कमलपित्त भएका वा जन्मिदै बहिरोपनको समस्या पनि देखिने वीर अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा डा श्रेष्ठले बताउनुभयो।

बच्चालाई जन्मिदै सघन उपचार कक्ष (आइसियु) वा भेन्टिलेटरमा राखेर कुनै उपचार गर्नुपरेमा कान पाक्ने, कानको जालीमा पानी जम्ने वा पिप आउनेलगायत समस्या आउने सम्भावना भएर बहिरोपन हुन सक्ने उहाँको भनाइ छ । क्यान्सर, क्षयरोगको औषधि प्रयोग गर्दा पनि कानमा असर गर्दछ । ती औषधि खाँदा पनि कान सुन्ने क्षमता ह्रास आउँछ । अहिले ध्वनी प्रदूषणको कारणले पनि बहिरोपनको समस्या हुने गरेको त्रिवि शिक्षण अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ डा योगेश न्यौपानेले बताउनुभयो । उहाँले कानमा प्रयोग गरिने एयरफोन श्रवण शक्तिका लागि धेरै घातक रहेको बताउनुभयो । ठूलोठूलो आवाजमा काम गर्ने, लामो समयसम्म गीत ठूलो आवाजमा सुन्ने, धेरै समयसम्म कानमा इयरफोन राख्ने, मोबाइलमा धेरैबेर कुरा गर्नेलगायत कारणले पनि बहिरोपनको समस्या हुने गरेको छ। वरिष्ठ नाक, नाक, घाँटी रोग विशेषज्ञ प्रा डा श्रेष्ठले सन् २०१८ मा गरिएको अध्ययनमा धेरै हल्ला हुने ठाउँ कलङ्की, रत्नपार्कमा बहिरोपनको समस्या देखिएको बताउनुभयो। ती ठाउँमा लामो समयसम्म बस्ने मानिसमा बहिरोपनको समस्या देखिएको थियो।

**बहिरोपनबाट बच्ने उपाय**

"कुनै पनि सङ्क्रमणबाट कानलाई बचाउनुपर्दछ । कान पाकिहाले नजिकैको चिकित्सकसँग सल्लाह लिनुपर्दछ । .कानलाई चोटपटकबाट बचाउनुपर्छ । कान कोट्याउँदा कानको जालीमा असर पर्छ र जाली फुटने सम्भावना हुन्छ। त्यसैले कान कोट्याउनु हुँदैन भन्ने कुरा जनमानसमा सिकाउनुपर्छ", डा न्यौपानेले भन्नुभयो । बच्चामा सुनाइसम्बन्धी शङ्का लागेमा नजिकैको चिकित्सकको सल्लाह लिनुपर्ने उहाँले सुझाव दिनुभयो । कानमा तेल अथवा अरु कुनै पनि झोल पदार्थ हाल्न नहुने, गर्भवती भएको पहिलो तीन महिनासम्म आफुखुसी औषधिको सेवन गर्न नहुने र गर्नेपरेमा चिकित्सकको सल्लाह लिनुपर्ने, गर्भवती आमाले जाँडरक्सी र चुरोट सेवन नगर्नेलगायत उपाय अपनाउँदा बच्चामा कानसम्बन्धी समस्याको जोखिम कम हुने उहाँले बताउनुभयो। सर्वसाधारणको जमघट हुने स्थानमा चर्को ध्वनी उत्पन्न हुने उपकरणको प्रयोग नगर्ने, गाडीको हर्न निषेध गरिएका ठाउँमा चर्को हर्न नबजाउने, मोबाइल वा हेडफोन धेरै समयसम्म प्रयोग नगर्ने, कलकारखानामा काम गर्ने व्यक्तिले इएर प्लगको प्रयोग गरी कानलाई चर्को ध्वनीबाट बचाउनेलगायत उपाय अपनाउन सकिने चिकित्सकको भनाइ छ।


## अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/११/२१

www.atozpatrika.com नामक अनलाइन पत्रिका एटुजेट पत्रिका प्रा.लि.को नामबाट प्रकाशित/प्रसारित हुदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी पोखरा क्लिक प्रा.लि.को नामबाट अब www.pokharaclick.com प्रकाशित/प्रसारित हुने जानकारी गराउदछौं ।

प्रकाशकः
www.atozpatrika.com
पोखरा २२, कास्की

Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information


# माछापुछ्रे माध्यमिक अन्नपूर्णका विद्यार्थीको पुनर्मिलन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन



कास्कीको अन्नपूर्ण गाउँपालिका-२ स्थित माछापुछ्रे माध्यमिक विद्यालयमा २०४७ सम्म अध्ययन गरेका समकालिन साथीहरूको समूहले सम्मान, वनभोज तथा पुनर्मिलन कार्यक्रम सम्पन्न गरेको छ।

शनिबार माछापुछ्रे मावि एसएलसी ब्याची समूह-२०४७ को ब्यानरमा अन्नपूर्ण गाउँपालिकाको वडा नं. ३, लार्केस्थित पिक्निक स्पोर्टस् मा पुनर्मिलन, सम्मान एवं बनभोज कार्यक्रमको आयोजना गरेको हो । ०४७ समूहका बिधार्थी एवं अन्नपूर्ण गाउँपालिका कास्कीका निवर्तमान अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तत्कालीन प्रधानाध्यापक रामचन्द्र सुवेदी, शिक्षकहरू कृष्ण बहादुर कुँवर, शिवकुमार सुवेदी, हरिकुमार श्रेष्ठ, तेजप्रसाद काफ्ले, गमबहादुर कुँवर, कृष्ण बहादुर केसी, केदारनाथ अधिकारी र रामेश्वर सुवेदी सहित नौ जना शिक्षकहरूलाई सम्मान समेत गरेको थियो। कार्यक्रममा पूर्व शिक्षक रामेश्वर सुवेदी उपचरार्थ भारतम रहनु भएको र केदारनाथ अधिकारी कार्यब्यस्तताका कारण उपस्थित हुन नसक्नु भएको आयोजकले जनाएको थियो । सम्मान ग्रहण पश्चात शिक्षकहरूले निकै खुशी व्यक्त गरेका थिए। सम्मान ग्रहण गरे पछि शुभकामना मन्तव्य राख्दै तत्कालीन प्रधानाध्यापक रामचन्द्र सुवेदीले ऐतिहासिक कार्यक्रमको आयोजना गरेकोमा सम्पूर्ण विद्यार्थीहरुलाई धन्यबाद एवं शुभकामना दिँदै विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरुले देशका हरेक जिल्लामा पुगेर आ-आफ्नो परिचय दिलाई काम गरेको देख्दा अत्यन्तै खुशी लाग्ने गरेको बताए। उनले अहिलेको अवस्थामा विद्यार्थीहरुले शिक्षकलाई त्यति आदर, मान सम्मान गरेको नदेख्दा धैरै दुःख लाग्ने गरेको तर यो समूहले यस कार्यक्रमको आयोजना गरी विद्यार्थीहरुले आफ्ना गुरु वर्गलाई सम्मान गरेर आफ्ना गुरु प्रति उच्च सम्मान प्रकट गरेको देख्दा निकै खुशी लागेको बताए । उनले यस कार्यक्रमले अरु समूहका विद्यार्थीहरुलाई पनि धेरै कुरा सिक्ने अवसर प्रदान गरेको पनि बताए । उनले तत्कालीन बिधार्थीहरू युवराज कुँवर, बिष्णुहरि शर्मा, पार्वती भण्डारी आचार्य, नारायण बहादुर कुँवरलगाएत थुप्रै बिधार्थीको नाम लिदै उनीहरूको आनी बानीका बारेमा व्यक्त गरिरहदाँ ३३ बर्ष अघिको पुनर्स्मृति गराएको थियो । कार्यक्रम समापन पश्चात आ-आफ्नो प्रतिक्रिया दिदै तत्कालीन शिक्षकहरू कृष्ण बहादुर कुँवर, शिवकुमार सुवेदी, हरिकुमार श्रेष्ठ, तेजप्रसाद काफ्ले, गमबहादुर कुँवर र कृष्ण बहादुर केसीले धन्यवाद एवं शुभकामना दिँदै विद्यार्थी र शिक्षकबिच नङ र मासुको जस्तो सम्बन्ध रहेको हुनाले शिक्षकलाई जहिले पनि उच्च सम्मान गर्नुपर्ने बताएका थिए र यस्ता कार्यक्रमहरु निरन्तर गर्दै गर्दा साथी साथी बिचको आत्मीयता अझ बढ्ने बताउँदै उज्वल भविष्यको कामना समेत गरेका थिए । कार्यक्रममा ०४७ सालको ब्याचमा अध्यनरत विद्यार्थीहरुले आफ्ना शिक्षकलाई सम्मान गर्दा निकै ग़र्व महसुस भएको बताएका थिए। उनीहरूले आफ्ना शिक्षकबाट पाएको राम्रो शिक्षाका कारणले नै आज हामीले राम्रो काम गर्न र असल संस्कार सिकेको प्रतिक्रिया दिएका थिए । माछापुछ्रे मावि २०४७ का समकालिन साथीको समूहले आयोजना गरेको वनभोज तथा पुनर्मिलन कार्यक्रम फागुनको महिना गरिएको भएपनि चिसो मौसम थियो । आआफ्नो पेशा र व्यवसायले निकै टाढा टाढा भए पनि समकालीन साथीहरू सबैजना यसरी भेला भएर कार्यक्रममा आफ्ना तितामिठा अनुभवहरू साटासाट गर्न पाएकोमा सबैले खुशि व्यक्त गरेका थिए । शिक्षकहरूलाइ सम्मान सँग सँगै कार्यक्रममलाई थप रोचक बनाउन लायन्स डिष्ट्रिक्ट ३२५ आई नेपालका डिष्ट्रिक्ट गभर्नर मोटिभेसनल स्पिकर चन्द्रकुमार केसीको सकारात्मक ऊर्जासहित सफल हुने तरिका सिकाउँदै व्यक्त गरेका प्रेरणा दायक भनाईले कार्यक्रमलाई थप उत्साहित बनाएको थियो। समूहका सदस्य गणेश प्रसाद अधिकारीले स्वागत, पार्वती भण्डारी आचार्यले धन्यवाद गरेको कार्यक्रमको संचालन समुहका संयोजक टंकराज अधिकारीले गरेका थिए । त्यो समूहबाट २०४७ सालमा कक्षा १० बाट एसएलसीमा सहभागिता जनाउने विद्यार्थीको संख्या ८८ रहेको थियो भने समूह अन्तर्गतका ६ जना स्वर्गे हुनुभएको छ।

# झाडी फाडेर सुन्तलाखेती

**पोखरापत्र संवाददाता**
बागलुङ, २० फागुन

बीस वर्ष वैदेशिक रोजगारीमा बिताउनुभएकाबागलुङनगरपालिका-८ सिगाना सायकोटका ईन्द्रबहादुर कार्कीले गाउँ फर्केर सुन्तलाखेती थाल्नुभएको छ। गाउँमा खाद्यबाली लगाउने परिपाटी घट्दै गएपछि बाँझिन थालेको पाँच रोपनी बारीमा सुन्तलाखेती थाल्नुभएका कार्की अहिले खेतीयोग्य जग्गाको झाडी हटाउने अभियानमा हुनुहुन्छ।

लामो समय वैदेशिक रोजगारीमा गएर गाउँ फर्केर आउँदा युवा पलायनका कारण अधिकांश खेतीयोग्य जग्गामा झाडी पालाएको देखेपछि झाडी फाडेर कार्कीले सुन्तलाखेती विस्तार गर्न थालेको बताउनुभयो। पहिलो चरणमा ८० सुन्तलाका र ४० कागतीका बिरुवा रोपेको बताउँदै उहाँले सुन्तलाखेतीलाई विस्तार गरी १५ रोपनीमा पुऱ्याउने लक्ष्य रहेको सुनाउनुभयो।

कार्कीको नेतृत्वमा उहाँको जग्गा मात्रै होइन सायकोटका अन्य स्थानीयवासीको जग्गामा रहेका झाडी तथा रुख हटाउने कार्यले तीव्रता पाएको छ । अहिले सायकोट क्षेत्रको पाँच सय रोपनी भन्दाबढी खेतीयोग्य जग्गामा रहेका झाडी हटाउने काम भइरहेको छ । "केहीवर्ष भारतमा बिताएँ। १५ वर्ष साउदीमा रोजगारी गरेँ । अहिले गाउँ फर्केर आउँदा उराठ लाग्दो अवस्था रहेछ, गाउँमा रुख बिरुवाले खेतीयोग्य जग्गा ढपक्कै ढाकेको छ। खेती गर्ने कोही छैनन्" कार्कीले भन्नुभयो, "गत वर्ष सुन्तला र कागती बारीमा लगाएँ । वरपर रहेका अनावश्यक रुख र झाडीले ती बिरुवा बढ्न पाएनन् । अहिले वडा कार्यालयको प्राविधिक सहयोगमा रुख फँडानी भइरहेको छ। अधिकांश झाडीले भरिएको जग्गामा सुन्तलाखेती गर्न थालिएको छ ।" कार्कीले आफ्नो १५ रोपनी खेत तथा बारीमा सुन्तला र कागतीखेती विस्तार गर्नका लागि सबै झाडी हटाएर खाली गरेको जानकारी दिनुभयो । सुन्तला गाउँका रुपमा चिनिएको सिगानभित्रको सायकोट गाउँमा यसअघि व्यावसायिक सुन्तलाखेती हुन सकेको थिएन । सुन्तलाबाटै वार्षिक रु तीन करोड भित्र्याउने सिगानको बेसी, ढोकानफाँट, बाँस्बोट र कोरीखोलालगायत गाउँमा व्यावसायिक सुन्तलाखेती उत्पादन हुँदै आएका छन्।

"सिगाना सुन्तला गाउँका रुपमा चिनिए पनि सायकोटमा व्यावसायिक खेती भएको छैन । यहाँ गत वर्षदेखि सुन्तला लगाउन थालिएको हो । सुन्तलाखेती फस्टाउन बाझो जग्गाको झाडी फँडानी गर्ने, कुकाठ हटाउने काम भएको छ । यसले खेती विस्तारमा टेवा पुग्नेछ", स्थानीय सूर्य कार्कीले भन्नुभयो, "गाउँ-गाउँमा ग्यासको प्रयोग बढेपछि दाउराको प्रयोग कम हुँदा वन जङ्गल बढेर घरसम्मै आउन थालेपछि रुख र झाडी फँडानी गरेर सुन्तला लगाउन अभियान थालिएको हो ।" बागलुङ-८ सिगानास्थित वडा कार्यालयले रुख फँडानीमा सघाएर किसानलाई सुन्तलाखेती विस्तार गर्ने योजनामा चालु आर्थिक वर्षमा रु एक लाख ५० हजार बजेट विनियोजन गरेको छ । उक्त रकमले एक हजार रोपनी जग्गाका रुख बिरुवा हटाउन सक्ने भन्दै हालसम्म पाँच रोपनी खेतीयोग्य जग्गाका रुख बिरुवा हटाइसकिएको वडा नं ८ का वडाध्यक्ष छमबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँले कटान गरेका रुख व्यवस्थापन भने स्वम् जग्गाधनीले गर्दै आएकाले थोरै रकमले धेरै काम गर्न सकिएको बताउनुभयो।

खेतीयोग्य जग्गामा ढाकिएको उत्तिस, चिलाउने, मल्लात्तो र बाँसघारीलगायत झाडी तथा साना रुख हटाएर सुन्तलाखेती गर्ने अभियान अहिले बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाले समेत चलाएको छ । खेतीयोग्य जग्गा बाँझिदै गएपछि उम्रिएका रुख बिरुवाले फलफुल तथा नगदेबाली गर्न कठिनाई भएपछि अहिले खेतबारीमा रहेका रुख हटाउने अभियानले तीव्रता पाएको स्थानीय बताउँछन्।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाब |
| कर्कट | : स्वस्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

